नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फयाक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या : ०८२/८३
चलानी नं.: ३५६

मितिः २०८२/०५/२३

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

<u>विषय:</u> कालिञ्चोक साना जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारण अनुमतिपत्रको दरखास्त सम्बन्धमा।

श्री हिमालयन इनर्जी प्रा.लि.
बानेश्वर, काठमाण्डौं।
फोन नं.: ९८५११२६५१२।

प्रस्तुत विषयमा तँहाबाट कालिञ्चोक साना जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारण अनुमतिपत्रको लागि पेश भएको दरखास्त उपर कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (पाँचौं संशोधन) को दफा १४ को उपदफा (४) बमोजिम तपशिल बमोजिमका कागजात/विवरणहरु सात (७) दिनको समयावधिभित्र पेश गर्नुहुन मिति २०८२/०५/२० को विभागीय निर्णयानुसार जानकारी गराइन्छ।

<u>तपशिल:</u>

१. प्रस्तावित प्रसारण लाइन आयोजनाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन (BES) प्रतिवेदन,
२. प्रस्तावित प्रसारण लाइनको Feasibility study report मा प्रसारण लाइनको Conductor selection, power loss, voltage regulation, alternative route analysis, angle points र स्पष्ट रुपमा देखिने route alignment, profile layout समावेश गर्नुहुन,
३. प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, र कर चुक्ताको प्रमाणित प्रतिलिपि,
४. कालिञ्चोक साना जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको पत्र,
५. नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्बन्धि सम्झौताको प्रतिलि,
६. परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत,
७. प्रस्तावित मुख्य लाइन देखिने गरी रेखांकन गरिएको नापी विभागद्वारा प्रकाशित स्थलरूप नक्सा,
8. अद्यावधिक शेयर लगत अभिलेख र सोको electronic copy,
9. Softcopy (Feasibility Study Report or DPR of transmission line, transmission line route alignment.kml file, angle point, T/L land related details).

(अनुशा अधिकारी)
इन्जिनियर